नेपाल सरकार
शिक्षक सेवा आयोग

**निम्न माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदपूर्तिको लागि खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन**

सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरबन्दीमा खुला प्रतियोगितात्मक लिखित परीक्षाको माध्यमद्वारा स्थायी रूपले पदपूर्ति गर्नका लागि योग्य उम्मेदवारहरूले यस आयोगबाट निर्धारित गरिएको दरखास्त फाराम भरी सम्बन्धित जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाइ मार्फत दरखास्त पेस गर्नु हुन यो विज्ञापन प्रकाशित गरिएको छ।

**१. निम्न माध्यमिक शिक्षक तृतीय श्रेणीको रिक्त पद विवरण :**

**विषय: (०१) नेपाली**

| क्र.सं. | समूह☞ | खुला | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | अपाङ | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ | २०२/०७४/७५ | २०५/०७४/७५ | २०६/०७४/७५ | २०७/०७४/७५ | २०८/०७४/७५ | २०९/०७४/७५ |
| १ | पूर्वाञ्चल | ४३ | १२ | १० | ८ | ३ | २ | १ |
| २ | मध्यमाञ्चल | ३४ | ९ | ७ | ६ | ३ | १ | १ |
| ३ | पश्चिमाञ्चल | ४३ | १२ | ९ | ८ | ३ | २ | १ |
| ४ | मध्यपश्चिमाञ्चल | १२ | ३ | २ | २ | १ | १ | |
| ५ | सुदूरपश्चिमाञ्चल | १३ | ३ | ३ | २ | १ | १ | |

**विषय: (०२) अंग्रेजी**

| क्र.सं. | समूह☞ | खुला | महिला | दलित महिला | आदिवासी/जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ | २०२/०७४/७५ | २०३/०७४/७५ | २०५/०७४/७५ | २०६/०७४/७५ | २०७/०७४/७५ | २०८/०७४/७५ | २०९/०७४/७५ |
| १ | पूर्वाञ्चल | ६८ | १८ | १ | १५ | १२ | ५ | ३ | २ |
| २ | मध्यमाञ्चल | ७१ | १८ | १ | १६ | १३ | ५ | ३ | २ |
| ३ | पश्चिमाञ्चल | ६१ | १६ | १ | १४ | ११ | ४ | २ | २ |
| ४ | मध्यपश्चिमाञ्चल | ३२ | ९ | | ७ | ६ | २ | १ | १ |
| ५ | सुदूरपश्चिमाञ्चल | २१ | ६ | | ४ | ४ | १ | १ | १ |

**विषय: (०३) गणित**

| क्र.सं. | समूह☞ | खुला | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ | २०२/०७४/७५ | २०५/०७४/७५ | २०६/०७४/७५ | २०७/०७४/७५ | २०८/०७४/७५ | २०९/०७४/७५ |
| १ | पूर्वाञ्चल | ३१ | ९ | ७ | ६ | २ | १ | १ |
| | मध्यमाञ्चल | ४६ | १२ | १० | ८ | ३ | २ | २ |
| २ | पश्चिमाञ्चल | ३४ | ९ | ८ | ६ | ३ | १ | १ |
| ३ | मध्यपश्चिमाञ्चल | १८ | ५ | ४ | ३ | १ | १ | |
| ४ | सुदूरपश्चिमाञ्चल | ९ | २ | २ | २ | १ | | |

**विषय: (०४) विज्ञान**

| क्र.सं. | समूह☞ | खुला | महिला | आदिवासी/जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ | २०२/०७४/७५ | २०५/०७४/७५ | २०६/०७४/७५ | २०७/०७४/७५ | २०८/०७४/७५ | २०९/०७४/७५ |
| १ | पूर्वाञ्चल | २६ | ७ | ६ | ५ | २ | १ | १ |
| २ | मध्यमाञ्चल | २८ | ८ | ६ | ५ | २ | १ | १ |
| ३ | पश्चिमाञ्चल | ३२ | ९ | ७ | ६ | ३ | १ | १ |
| ४ | मध्यपश्चिमाञ्चल | ८ | २ | २ | २ | १ | | |
| ५ | सुदूरपश्चिमाञ्चल | ४ | १ | १ | १ | | | |

**विषयः (०५) सामाजिक**

| क्र.सं. | समूह☞ | खुला | महिला | आदिवासी / जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ | २०२/०७४/७५ | २०५/०७४/७५ | २०६/०७४/७५ | २०७/०७४/७५ | २०८/०७४/७५ | २०९/०७४/७५ |
| १ | पूर्वाञ्चल | ३४ | ९ | ७ | ६ | ३ | १ | १ |
| २ | मध्यमाञ्चल | ३७ | १० | ८ | ७ | ३ | २ | १ |
| ३ | पश्चिमाञ्चल | ४२ | ११ | ९ | ८ | ३ | २ | १ |
| ४ | मध्यपश्चिमाञ्चल | २७ | ७ | ६ | ५ | २ | १ | १ |
| ५ | सुदूरपश्चिमाञ्चल | १३ | ३ | ३ | २ | १ | १ | |

**विषयः(१९) गणित विज्ञान**

| क्र.सं. | समूह☞ | खुला | महिला | आदिवासी/ जनजाति | मधेशी | दलित | अपाङ्ग | पिछडिएको क्षेत्र |
|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ | २०२/०७४/७५ | २०५/०७४/७५ | २०६/०७४/७५ | २०७/०७४/७५ | २०८/०७४/७५ | २०९/०७४/७५ |
| १ | पूर्वाञ्चल | ३६ | १० | ८ | ६ | ३ | १ | १ |
| २ | मध्यमाञ्चल | २६ | ७ | ६ | ४ | २ | १ | १ |
| ३ | पश्चिमाञ्चल | १९ | ५ | ४ | ४ | १ | १ | १ |
| ४ | मध्यपश्चिमाञ्चल | २० | ६ | ४ | ४ | १ | १ | १ |
| ५ | सुदूरपश्चिमाञ्चल | ९ | ३ | २ | २ | १ | | |

**विषयः (२४)कम्प्युटर विज्ञान**

| क्र.सं. | समूह☞ | खुला |
|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ |
| १ | मध्यमाञ्चल | १ |
| २ | पश्चिमाञ्चल | १ |

**विषयः (२५) पेशा, व्यवसाय र प्रविधि शिक्षा**

| क्र.सं. | समूह☞ | खुला |
|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ |
| १ | मध्यमाञ्चल | १ |

**विषयः (१५) स्वास्थ्य तथा शारिरीक शिक्षा**

| क्र.सं. | समूह☞ | खुला |
|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ |
| १ | मध्यमाञ्चल | १ |

**विषयः (२१) संस्कृत भाषा**

| क्र.सं. | समूह☞ | खुला |
|---|---|---|
| | विज्ञापन नं.☞ | २०१/०७४/७५ |
| १ | सुदुरपश्चिमाञ्चल | १ |

**२.उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता :**

क) मान्यता प्राप्त शिक्षण संस्थावाट परीक्षा दिने विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,
ख) सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,
ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,
घ) शिक्षा विषयमा कम्तिमा १० महीने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको । तर कार्यरत स्थायी शिक्षकले तालिम नभए पनि उम्मेदवार हुन पाउने छ ।
ङ) स्थायी अध्यापन अनुमतिपत्र ।
च) नेपाली नागरिक ।
छ) दरखास्त फाराम बुझाउने अन्तिम मिति २०७५ असार ३१ गतेसम्ममा १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ । तर सम्बन्धित तहमा कार्यरत राहत शिक्षकलाई उमेरको हद लाग्ने छैन । निजहरुले सम्बन्धित तहमा दरखास्त दिन पाउने छन् ।
ज) स्थायी शिक्षकलाई उमेरको हद लाग्ने छैन । स्थायी शिक्षकले समान पदमा उम्मेदवार हुन पाउने छैनन ।

**३. उम्मेद्वारले अनिवार्य रूपले पेश गर्नु पर्ने कागजातहरू** :

क) आयोगद्वारा स्वीकृत गरिएको दरखास्त फाराम

ख) परीक्षा दस्तुर वापतको रकम दरखास्त सङ्कलन केन्द्रको कार्यालय कोड एवं खाता नं. यकीन गरी सम्बन्धित जिल्लाको सरकारी कारोबार गर्ने बैंकमा राजश्व सङ्केत नं. १४२२४ मा एक मात्र विज्ञापनको लागि रु ७००।- र थप समावेशी समूहको विज्ञापनको लागि प्रति समूह रु ५००।- का दरले रकम जम्मा गरेको सक्कल भौचर ।

ग) उम्मेद्वार हुनको लागि तोकिएका कागजातहरू (बुदा २ को "**क**" देखि "**च**" सम्म) ।

घ) समावेशी पदमा प्रतिस्पर्धा गर्न चाहने व्यक्तिले सम्बन्धित निकायबाट **सो समूहको हो** भनी प्रमाणित गरेको सक्कल कागजात ।

ङ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि ।

च) उम्मेद्वार कार्यरत राहत र स्थायी शिक्षक भए नियुक्ति पत्र र सेवा अवधि प्रमाणित पत्र ।

**पुनश्च :**

- दरखास्त फारामसाथ पेश गरिएका प्रमाणपत्रका प्रतिलिपिहरूमा उम्मेदवार स्वयमले **सक्कल बमोजिम नक्कल ठीक छ** भनी प्रमाणित गरेको हुनु पर्नेछ ।
- दरखास्त फाराममा उल्लेखित विवरणहरु भरी साधारण फाइलमा उम्मेदवारको नाम, थर, विज्ञापन नं., तह, खुला र समावेशी समूह समेत लेखी तोकिएका **कागजातहरू नत्थी गरी पञ्जिका सहित** बुझाउनु पर्नेछ ।

**४. परीक्षाको किसिम** : (क) लिखित परीक्षा (ख) अन्तर्वार्ता

**५. दरखास्त फाराम पेस गर्ने अन्तिम मिति :** २०७५ असार ३१ गतेसम्म

**६. दोब्बर दस्तुर तिरी फाराम पेश गर्ने अन्तिम मिति** : २०७५ श्रावण ६ गतेसम्म

**७. लिखित परीक्षा हुने मिति :** २०७५ आश्विन १२ गते शुक्रवार दिनको १३.३० वजे देखि

**८. अन्तरवार्ताको मिति, स्थान र समय** : लिखित परीक्षाको नजिता प्रकाशित गर्दा अन्तरवार्ताको मिति, समय र स्थान तोकिने छ ।

**९. विज्ञापन सम्वन्धी थप जानकारी :**

क) निम्न माध्यमिक शिक्षक पदको **प्रतिस्पर्धा र छनौट** क्षेत्रीयस्तरमा हुनेछ ।

ख) एउटै परीक्षा मार्फत खुला र समावेशी समूहहरूको उम्मेद्वार छनौट गरिनेछ ।

ग) आदिवासी/जनजाति, तराई-मधेशमा बसोबास गर्ने मधेशी, आदिवासी/जनजाति, दलित, पिछडा वर्ग वा अल्पसंख्यक मुसलमान समुदाय वा दलित समूहबाट उम्मेदवार हुने व्यक्तिले कुनै एक समूदायको उम्मेदवारको रुपमा मात्र प्रतिस्पर्धा गर्न सक्नेछ । तर महिलाको हकमा यो व्यवस्था लागू हुने छैन ।

घ) विज्ञापन प्रकाशन भएपश्चात् पद थपघट गरिने छैन ।

ङ) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।

च) परीक्षा केन्द्रसम्बन्धी जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ ।

छ) कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन ।

ज) कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुनसुकै वखत रद्द गरी कानुन बमोजिम कारवाही गरिने छ ।

झ) उम्मेदवारहरु यस विज्ञापनमा उल्लेख भएका कुराहरुको अतिरिक्त शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम १० बमोजिम अयोग्य नभएको हुनुपर्ने छ ।

ञ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा सात दिन अगावै परीक्षा सञ्चालन हुने सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख समक्ष सप्रमाण निवेदन दिनुपर्ने छ, अन्यथा सहयोगी लेखक राख्न पाइने छैन ।

ट) उम्मेदवारले जुन क्षेत्रको लागि प्रतिस्पर्धा गर्ने हो, सो व्यहोरा दरखास्त फाराममा स्पष्ट रूपमा खुलाउनु पर्नेछ ।

ठ) दरखास्त फाराम र पाठ्यक्रम आयोगको वेबसाइट www.tsc. gov.np बाट डाउनलोड गर्न सकिने छ ।

**१०. सम्बन्धित जिल्ला प्रशासन कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाइले यो सूचना र आयोगद्वारा प्राप्त निर्देशनको अधिनमा रही दरखास्त सङ्कलन, रुजु र स्वीकृत गरी प्रवेशपत्र वितरण गर्नु हुन अनुरोध छ ।**